**महालक्ष्मी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ललितपुर, बागमती प्रदेश, नेपाल**

**विषयः प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने बारेको सूचना ।**
**प्रथम पटक प्रकाशित मिति : २०७७/१०/०२**

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व.०७७/७८ को उद्योग मन्त्रालयको सङ्घीय सशर्त कार्यक्रम अनुदानमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मा सञ्चालन हुने विभिन्न चरणका क्रियाकलापहरु मध्ये प्राविधिक सीप विकास तालिम सञ्चालन गर्नका लागी यस नगरपालिकाको कार्यालयमा लघु उद्यम, आय आर्जन, सीप विकास सम्बन्धी कार्यको लागि सूचीकृत भएका सेवा प्रदायक संस्थाहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएको छ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसूची ५ बमोजिमको ढाँचामा प्राविधिक प्रस्ताव र अनुसूची ६ को ढाँचामा आर्थिक प्रस्ताव छुट्टाछुट्टै रुपमा पेश गर्नुपर्नेछ । यस मेड्पा कार्यक्रम अन्तर्गत सीप विकास तालिमको लागि नयाँ उद्यमी सिर्जना तर्फ ६६ जना र स्तरोन्नती तर्फ ४० जना उद्यमीलाई स्तरोन्नती कार्यका लागि यो प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन जानकारी गराइन्छ ।

**तपसिलः**

१. प्रस्ताव पेश गर्ने निकायको नामः महालक्ष्मी नगरपालिका, ललितपुर ।

२. खरिद गर्नुपर्ने सेवाको प्रकृति गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा अन्तर्गत नयाँ उद्यमी र पुराना उद्यमीलाई सीप विकास तालिम संचालन ।

३. काम सम्पन्न गर्नुपर्ने अवधिः २०७८ असार १५ गतेसम्म ।

४. सेवा प्रदान गर्नुपर्ने स्थानः नगरपालिकाले तोकिएको वडा तथा बस्तीहरुमा ।

५. प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखि सिलबन्दी लाहाछाप गरि प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्ट रुपमा उल्लेख गरि दुवै प्रस्तावलाई अर्को छुट्टै खामबन्दी गरि शिलबन्दी लाहाछाप गर्नुपर्नेछ ।

६. तोकिएको म्याद भित्र पर्न आएका प्रस्तावहरु प्रस्ताव पेश गर्ने अन्तिम दिनको भोलिपल्ट र सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन १ बजे यस कार्यालयमा खोलिने छ ।

७. प्रस्तावित सीप विकास तालिमको लागि सबै प्रकारको कर सहित नयाँ उद्यमी तर्फ रु ६४७४००( ६ लाख सच्चालिस हजार चार सय) र स्तरोन्नती सीप विकास तालिमको लागि रु ४०००००(चार लाख) गरी जम्मा रु १०४७४००( दश लाख सच्चालिस हजार चार सय) रहेको छ ।

८. अन्य कुराहरु गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिकामा उल्लेख गरिए बमोजिम हुनेछ ।

९. अन्य थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

१०. यस प्रस्तावको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR) यस कार्यालयबाट पछि उपलब्ध गराइन्छ ।

पुनश्च : प्रस्ताव पेश गर्न चाहने संस्थाले प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै सूचिकृतको लागि दरखास्त दिई सूचिकृत गराउन सक्नेछ ।

सम्पर्क ब्यक्तिः अनिष महर्जन सम्पर्क नं ९८६३४५७१८९

प्रमुख प्रशासकीय अधिकृत
**पुरुषोत्तम सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**